Active 2080

सुदूरपश्चिम विश्वविद्यालय
**शिक्षाशास्त्र सङ्काय**

**सत्र प्रणालीमा आधारित शिक्षा स्नातक कार्यक्रम**

**पाठ्यांश शीर्षक** : नेपाली भाषा र व्याकरण
**विषय सङ्केत नं. :**Nep.Ed.123
**वर्ष** : प्रथम
**तह :**स्नातक
**सत्र :** द्वितीय

**जम्मा पाठ्यघण्टा :** ३
**शिक्षण घन्टी** : ४८
**विषयको प्रकृति :** सैद्धान्तिक

## १.पाठ्यांश परिचय

प्रस्तुत पाठ्यांश शिक्षाशास्त्र सङ्कायको सत्र प्रणाली (आठ सेमेस्टर) मा आधारित बी.एड.कार्यक्रम अन्तर्गत नेपाली शिक्षा मूल विषय लिई अध्ययन गर्न चाहने विद्यार्थीहरूका लागि तयार पारिएको हो । यसबाट विद्यार्थीहरूमा नेपाली भाषा र व्याकरणसम्बन्धी ज्ञान र सिपको विकास गर्ने दृष्टिकोण राखिएको छ ।

## २.उद्देश्य

यस पाठ्यांशको अध्ययनपछि विद्यार्थीहरू निम्नलिखित कुरामा सक्षम हुनेछन् :

क) नेपाली भाषाको उत्पत्ति, विकासक्रम, यसका मोड र विशेषताहरू बताउन,
ख) नेपाली भाषाको वर्तमान स्थिति र यसका प्रमुख विशेषताको वर्णन गर्न,
ग) नेपाली भाषामा व्याकरण परम्परा र यसमा देखा परेका मोड र विशेषताको चर्चा गर्न,
घ) नेपाली वर्णव्यवस्थाको पहिचानगर्न,
ङ) नेपाली भाषाको शब्दवर्ग, रूपायन र व्युत्पादन व्यवस्थाको चर्चा गर्न,
च) नेपाली भाषाका वाक्यकोटि, वाक्यका घटक, कार्य र प्रकारको सविस्तार वर्णन गर्न ।

## ३. विशिष्ट उद्देश्य र विषयवस्तु

| **विशिष्ट उद्देश्य** | **विषयवस्तु** |
|---|---|
| क) नेपाली भाषाको उत्पत्तिबारे जानकारी दिन,<br>ख) नेपाली भाषाको विकासक्रमका सन्दर्भमा प्राचीन,मध्यकालीन र आधुनिक नेपाली भाषाको परिचय दिन,<br>ग) नेपाली व्याकरण निर्माणका प्रारम्भिक प्रयासको परिचय दिन,<br>घ) चन्द्रिका व्याकरणको प्रभाव र उपलब्धिको विश्लेषण गर्न,<br>ङ) व्याकरण निर्माणमा भाषावैज्ञानिक पद्धतिका प्रयोग र उपलब्धिको विवेचना गर्न | **एकाइ एक : नेपाली भाषा र व्याकरणको विकासक्रम (पाठ्यघन्टी १०)**<br>१.१ नेपाली भाषाकोउत्पत्ति : संस्कृत, प्राकृत र अपभ्रंश<br>१.२ नेपालीभाषाको विकासक्रम : प्राचीन, मध्यकालीन र आधुनिक नेपालीको चिनारी<br>१.३ नेपाली व्याकरण निर्माणका प्रारम्भिक प्रयास :जे. ए एटन देखि प्राकृत व्याकरणसम्म<br>१.४ चन्द्रिका व्याकरण : प्रभावपरम्परा र उपलब्धि<br>१.५ व्याकरण निर्माणमा भाषावैज्ञानिक पद्धतिको प्रयोग र उपलब्धि : शब्द रचना र वर्णविन्यास : भाषावैज्ञानिक पद्धति (२०३६), समसामयिक नेपाली व्याकरण, (२०४९), नेपाली वाक्य व्याकरण ( |

| | |
|---|---|
| | २०५४) । |
| (क) भाषिक भेदको परिचय दिन,<br>(ख) भाषा र भाषिका  छुट्याउने आधार पहिचान गर्न,<br>(ग) नेपालीका प्रमुख भाषिका  र तिनका विशेषता बताउन,<br>(घ) नेपाली भाषाका क्षेत्रीय र सामाजिक भेदको परिचय दिनर तिनका विशेषता बताउन,<br>ङ) भाषाका अन्य भेदको पहिचान गर्न । | **एकाइ दुई : नेपाली भाषाका भाषिक भेद ( पाठ्यघन्टी ७)**<br>२.१. भाषिक भेदको परिचय<br>२.२ भाषा र भाषिका छुट्याउने आधार<br>२.३ भाषिक भेदका प्रकार<br>२.३.१ नेपाली भाषाका क्षेत्रीयभेद र तिनका विशेषता<br>२.३.२नेपाली भाषामा सामाजिक भेद र तिनका विशेषता<br>२.३.३ अन्य भेद |
| (क) नेपाली उच्चार्य र लेख्य वर्णमालाको पहिचान गर्न,<br>(ख) नेपाली मूल स्वर,द्विस्वर रव्यञ्जन वर्णको संयुक्तताको स्थिति पहिचान गर्न,<br>(घ) नेपाली अक्षरको परिचय र अक्षर छुट्याउने आधार पहिचान शब्दहरूको गरी अक्षरीकरण गर्न । | **एकाइ  तीन : नेपाली वर्णव्यवस्था (पाठ्यघन्टी ५)**<br>३.१. नेपालीउच्चार्य र लेख्य वर्णमाला<br>३.२नेपाली भाषाका मूलस्वर र द्विस्वर<br>३.३ नेपाली व्यञ्जन वर्णहरूको संयुक्तता<br>३.४ अक्षर र अक्षर छुट्याउने आधार<br>३.५. नेपाली शब्दहरूमा अक्षरीकरणको स्थिति |
| (क) शब्दवर्गको परिचयदिई यिनका प्रकार्य र प्रकार बताउन,<br>(ख) नाम, सर्वनाम, विशेषण र क्रियापदको रूपायन प्रक्रिया बताउन,<br>(ग) उपसर्ग, परसर्ग (कृत्, तद्धित र नामधातु ), समास तथा द्वित्वका आधारमा हुने व्युत्पादन प्रक्रियाको जानकारी दिन,<br>(घ) तत्सम र तद्भव सन्धिको  प्रक्रिया बताउन र पहिचान गर्न । | **एकाइ  ४ : शब्दवर्ग, रूपायन र व्युत्पादन प्रक्रिया (पाठ्यघन्टी ९)**<br>४.१ शब्दवर्ग, यिनका प्रकार्य र प्रकार<br>४.२ नाम, सर्वनाम, विशेषण र क्रियापदको रूपायन<br>४.३ व्युत्पादन प्रक्रिया :<br>४.३.१ उपसर्ग, परसर्ग : कृत्, तद्धित र नामधातु<br>४.३.२ समास र द्वित्व<br>४.३.३. सन्धि प्रक्रिया : तत्सम र तद्भव |
| (क) लिङ्ग,वचन,पुरुष र  आदरबाट हुने सङ्गतिको वर्णन गर्न,<br>(ख) क्रियाकाकाल, पक्ष, भाव, अकरण, वाच्य र प्रेरणार्थकका आधारमा वाक्य निर्माणमा देखा पर्ने परिवर्तनको वर्णन गर्न,<br>(ग) नेपाली वाक्यमा पदक्रमको स्थिति बताउन । | **एकाइ  ५ : नेपाली भाषाका वाक्य कोटिहरू ( पाठ्यघन्टी ७)**<br>५.१ सङ्गति : लिङ्ग, वचन, पुरुष, आदर<br>५.२ क्रियाकाकाल, पक्ष, भाव, अकरण, वाच्य र प्रेरणार्थक<br>५.३ पदक्रमको स्थिति |
| (क) पदावली, यसको संरचना र प्रकार सहित वाक्यका घटकको परिचय दिन,<br>(ख) वाक्यात्मक कार्यकालागि कर्ता, कर्म, पूरक, क्रियापद र क्रियायोगिकको स्थिति पहिल्याउन,<br>(ग) कारकको परिचयदिई यसकाप्रकार बताउन,<br>(घ) विभक्ति र तिनका कार्यको जानकारी दिन र तिनमा सरल र तिर्यकीकरणको स्थिति पहिल्याउन, | **एकाइ छ : वाक्यका कार्य र प्रकार (पाठ्यघन्टी ७)**<br>६.१ वाक्यात्मककार्य : कर्ता, कर्म, पूरक, क्रियापद र क्रियायोगिक<br>६.२ कारक र यसका प्रकार<br>६.३. विभक्ति र यिनको कार्य, विभक्तिमा सरल र तिर्यकीकरणको स्थिति<br>६.४ वाक्यका संरचनात्मक प्रकार : सरल, संयुक्त र |

| | |
|---|---|
| ङ) वाक्यका प्रकार बताई सरल, संयुक्तमिश्र/संश्लिष्ट वाक्यहरू छुट्याउने आधारहरू पहिचानगर्न । | मिश्र/संश्लिष्ट वाक्यहरू छुट्याउने आधार |

**४. शिक्षण प्रक्रिया**

प्रस्तुत पाठ्यांश मुख्यतः सैद्धान्तिक प्रकृतिको भएकाले यसको शिक्षणमा व्याख्यान, प्रश्नोत्तर, प्रदर्शन, छलफल, परियोजना, पुस्तकालयकार्य, खोज, कक्षा प्रस्तुति जस्ता विभिन्न विधि अवलम्बन गरिनेछ । शिक्षण कार्यमा यथेष्ट उदाहरणहरूको उपयोगमा र विद्यार्थीहरूको सहभागितामा जोड दिइनेछ । नेपालीभाषा र व्याकरणका विविध पक्षको सविस्तृत जानकारी यसमा अपेक्षितभएकाले सो अनुरूपका पाठ्यसामग्री र पाठपत्रहरूको पठन र छलफलमा विशेष ध्यान दिनुपर्नेछ ।

**५. आन्तरिक मूल्याङ्कन ४०%**

यस पाठ्यांशको आन्तरिक मूल्याङ्कन शिक्षकद्वारा निम्न गतिविधिहरूको आधारमा सञ्चालन गरिनेछ :

क) **कक्षा गतिविधिहरूमा उपस्थिति र सहभागिता** : ५+५ =१० अङ्क

ख) **मूल्याङ्कन (असाइनमेन्ट) १ : प्रतिबिम्बात्मक टिप्पणीहरू (रिफ्ल्याक्स नोट) र कक्षा प्रस्तुतीकरण** : ५+५=१० अङ्क

*(प्रत्येक एकाइको अन्तमा शिक्षकले दिएका २ देखि ४ प्रश्नमा प्रतिबिम्बात्मक टिप्पणीहरू र तीमध्ये कुनै दुईको प्रस्तुतीकरण)*

ग) **मूल्याङ्कन (असाइनमेन्ट) २ : अध्ययनपत्र, निबन्ध, परियोजना र अन्तर्वार्ता** : ५+५ =१० अङ्क

*(विद्यार्थीहरूले छानेका तथा शिक्षक एव. अन्तर्वार्ताद्वारा अनुमोदित गरिएका विषयहरूमा तार्किक निबन्ध, अध्ययनपत्र वा परियोजना )*

घ) **मध्यसत्र परीक्षा** : १० अङ्क

**६. बाह्य मूल्याङ्कन ६०%**

यस पाठ्यांशको सत्रको अन्त्यमा परीक्षा नियन्त्रण कार्यालयले निम्नानुसार बाह्य मूल्याङ्कनमा आधारित लिखित परीक्षा सञ्चालन गर्नेछ :

| **प्रश्नका प्रकारहरू** | **सोधिने जम्मा प्रश्नहरू** | **जवाफ दिनु पर्ने प्रश्नहरूको संख्या र छुट्याइएको अंक** | **कुल पूर्णाङ्क** |
|---|---|---|---|
| **समूह 'क' बहुवैकल्पिक प्रश्नहरू** | १० ओटा प्रश्न | **१०×१** | **१०** |
| **समूह 'ख' सङ्क्षिप्त उत्तरात्मक प्रश्नहरू** | दुइटा अथवासहित ६ ओटा प्रश्न | **६×५** | **३०** |
| **समूह 'ग' लामो उत्तरात्मक प्रश्नहरू** | एउटा अथवासहित २ ओटा प्रश्न | **२×१०** | **२०** |

**७.सन्दर्भ सामग्री (प्रमुख पुस्तक)**

अधिकारी, हेमाङ्गराज (२०४९), *समसामयिक नेपाली व्याकरण,* विद्यार्थी पुस्तक भण्डार ।

गौतम, देवीप्रसाद (२०४९), *नेपाली भाषा परिचय,* साझा प्रकाशन ।

पाण्डे, हेमराज (२०५१), *गोरखा भाषा चन्द्रिकाव् याकरण,* साझा प्रकाशन ।

रेग्मी, चूडामणि उपाध्याय (२०२५), *नेपाली भाषाको उत्पत्ति,* साझा प्रकाशन ।

शर्मा, सोमनाथ (२०४०), *मध्यचन्द्रिका,* साझा प्रकाशन ।


**सहायक पुस्तक**


खतिवडा, लयप्रसाद (२०७५), *नेपाली भाषा र व्याकरण,* स्वयम् ।

खनाल, मोहनप्रसाद (२०६८), *नेपाली भाषाका हजार वर्ष,* राइनो पब्लिकेसन ।

*अनिवार्य नेपाली शिक्षण निर्देशन* (२०३६), त्रि. वि.पाठ्यक्रम विकास केन्द्र ।

पोखरेल, बालकृष्ण (२०२५), *पाँच सय वर्ष,* साझा प्रकाशन ।

पोखरेल, माधवप्रसाद (२०५४), *नेपाली वाक्यव्याकरण,* एकताबुक्स ।

बराल,टीकादत्त (२०६८), *तत्सम नेपाली शब्दकोश,* विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, मोहनराज (२०३६), *शब्द रचना र वर्णविन्यास : भाषा वैज्ञानिक पद्धति,* त्रि. वि. पाठ्यक्रम विकास केन्द

शर्मा, सुकुम (२०५६). नेपाली व्याकरणको ऐतिहासिक सर्वेक्षण. साझा प्रकाशन ।

Active 2080

सुदूरपश्चिम विश्वविद्यालय

**शिक्षाशास्त्र सङ्काय**

**सत्र प्रणालीमा आधारित नेपाली शिक्षा स्नातक कार्यक्रम**

**पाठ्यांश शीर्षक** : नेपाली उपन्यास
**विषय सङ्केत नं. :**Nep.Ed.124
**सत्र :** द्वितीय
**वर्ष** : प्रथम
**तह :**स्नातक

**जम्मा पाठ्यघण्टा :** ३
**शिक्षण घन्टी** : ४८
**विषयको प्रकृति :** सैद्धान्तिक

## १. पाठ्यांश परिचय

प्रस्तुत पाठ्यांश शिक्षाशास्त्र सङ्कायको सत्र प्रणाली (आठ सेमेस्टर) मा आधारित बी.एड. कार्यक्रमको नेपाली शिक्षामूल विषय लिई अध्ययन गर्न चाहने विद्यार्थीहरूका लागि तयार पारिएको हो । उपन्याससम्बन्धी सैद्धान्तिक ज्ञान, नेपाली उपन्यासको विकासक्रमको ज्ञानका साथै निर्धारित उपन्यासकारका प्रवृत्तिहरूका ेपहिचान, विश्लेषण र तिनका निर्धारित उपन्यासको विधातात्त्विक विश्लेषणका साथै विशिष्ट पङ्क्तिहरू व्याख्या गर्ने सिपको विकास गर्ने दृष्टिकोण राखिएको छ ।

## २.साधारण उद्देश्य

प्रस्तुत पाठ्यांशका अन्तमा विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

१. उपन्यासको सैद्धान्तिक परिचय दिन,
२. नेपाली उपन्यासको विकासक्रम, त्यसका मोड र धारागत प्रवृत्तिको वर्णन गर्न,
३. नेपाली उपन्यासका उत्तरवर्ती प्रयोग र प्रवृत्तिहरू पहिल्याउन,
४. नेपाली उपन्यासका प्रवृत्तिगत विशेषता ठम्याउन,
५. निर्धारित उपन्यासहरूको आस्वादन, बोध तथा विवेचना गर्न ।

## ३.विशिष्ट उद्देश्य तथा पाठ्यविषय

| विशिष्ट उद्देश्य | पाठ्यविषय |
|---|---|
| क) उपन्यासको सैद्धान्तिक परिचय दिन,<br>ख) उपन्यासका संरचनात्मक तत्त्वहरूको वर्णनगर्न,<br>ग) विभिन्न आधारमा उपन्यासको वर्गीकरण गर्न,<br>घ) अन्य विधासँग उपन्यासको सम्बन्ध बताउन । | **एकाइ एक : उपन्यास सिद्धान्त(पाठ्यघन्टी-७)**<br><br>१.१ उपन्यासको परिचय तथा परिभाषा<br>१.२ उपन्यासको विधागत स्वरूप<br>१.३ उपन्यासका संरचनात्मक तत्त्वहरू<br>१.४ उपन्यासको वर्गीकरण : विषयवस्तुगत र तत्त्व प्रधानतागत)<br>१.५ अन्य विधा (कथा, जीवनी नाटक र महाकाव्य)सँग उपन्यासको सम्बन्ध |
| क) आधुनिक नेपाली उपन्यासको पृष्ठभूमिको वर्णन गर्न, | **एकाइ दुई : नेपाली उपन्यासको विकासक्रमको रूपरेखा (पाठ्यघन्टी-८)** |

| | |
|---|---|
| ख) आधुनिक नेपाली उपन्यासका धारागत प्रवृत्ति पहिचान गरी तिनका विशेषता पहिल्याउन,<br>ग) प्रयोगवादोत्तर प्रवृत्तिको परम्पराको निरन्तरता र नवप्रयोगशीलताकाविशेषता पहिल्याउन । | २.१ आधुनिक नेपाली उपन्यासको पृष्ठभूमि (प्राथमिकर माध्यमिक कालीन चेष्टा)<br>२.२ आधुनिक काल :<br>२.२.१ प्रमुख धारागत (सामाजिक यथार्थवादी, स्वच्छन्दतावादी,मनोविश्लेषणात्मक, प्रगतिवादी, प्रयोगवादी) प्रवृत्ति<br>२.२.२ प्रयोगवादोत्तर प्रवृत्ति : परम्पराको निरन्तरता र नवप्रयोगशीलता |
| क) निर्धारित उपन्यासकारहरूको परिचय दिन,<br>ख) निर्धारित उपन्यासकारहरूका प्रवृत्तिगत विशेषताहरू पहिल्याउन,<br>ग) विभिन्न कोणबाट निर्धारित उपन्यासहरूको विश्लेषण गर्न,<br>घ) उपन्यासका विशिष्ट पङ्क्तिहरूको व्याख्या गर्न । | **एकाइ तीनः आधुनिक नेपाली उपन्यासका प्रमुख उपन्यासकार र तिनका निर्धारित उपन्यासको विवेचना १ (पाठ्यघन्टी-१२)**<br>३.१ उपन्यासकार लैनसिंह बाङ्देलर उनको 'मुलुक बाहिर' उपन्यास<br>३.१.१उपन्यासकार वाङदेलको परिचय र प्रवृत्तिगत विशेषताहरू<br>३.१.२'मुलुक बाहिर' उपन्यासको संरचना, कथानक, चरित्र, पर्यावरण, सारवस्तु, भाषाशैली र शीर्षक सार्थकताको कोणबाटव्याख्याविश्लेषण<br>३.१.३ विशिष्ट पङ्क्तिहरूकोव्याख्या (पूर्वसन्दर्भ, अन्तर्वस्तु, भाषा आदि)<br>३.२ उपन्यासकार विश्वेश्वरप्रसाद कोइराला र उनको 'नरेन्द्र दाइ' उपन्यास<br>३.२.१ उपन्यासकार कोइरालाकोपरिचय र प्रवृत्तिगत विशेषताहरू<br>३.२.२'नरेन्द्र दाइ' उपन्यासको संरचना, कथानक, चरित्र, पर्यावरण, सारवस्तु, भाषाशैली र शीर्षक सार्थकता कोणबाट व्याख्या विश्लेषण<br>३.२.३ विशिष्ट पङ्क्तिहरूको व्याख्या (पूर्वसन्दर्भ, अन्तर्वस्तु, भाषा आदि) |
| क) निर्धारित उपन्यासकारहरूको परिचय दिन,<br>ख) निर्धारित उपन्यासकारहरूका प्रवृत्तिगत विशेषताहरू पहिल्याउन,<br>ग) विभिन्न कोणबाट निर्धारित उपन्यासको विश्लेषण गर्न,<br>घ) उपन्यासका विशिष्ट पङ्क्तिहरूको व्याख्या गर्न । | **एकाइ चार : आधुनिक नेपाली उपन्यासको प्रमुख उपन्यासकार र तिनका निर्धारित उपन्यासको विवेचना–२ (पाठ्यघन्टी-१२)**<br>४.१ उपन्यासकार पारिजात र उनको 'अनिदो पहाडसँगै' उपन्यास<br>४.१.१ उपन्यासकार पारिजातको परिचय र प्रवृत्तिगत विशेषताहरू<br>४.१.२ 'अनिदो पहाडसँगै' उपन्यासको संरचना, कथानक, चरित्र, पर्यावरण, सारवस्तु, भाषाशैली र शीर्षक सार्थकताको कोणबाट व्याख्या विश्लेषण<br>४.१.३ विशिष्ट पङ्क्तिहरूको व्याख्या(पूर्वसन्दर्भ, अन्तर्वस्तु, भाषा आदि)<br>४.२ उपन्यासकार नयनराज पाण्डे र उनको 'उलार' उपन्यास<br>४.२.१ उपन्यासकार पाण्डेको परिचय र प्रवृत्तिगत विशेषताहरू<br>४.२.२ 'उलार' उपन्यासको संरचना, कथानक, चरित्र, पर्यावरण, सारवस्तु, भाषाशैली र शीर्षक सार्थकता कोणबाट व्याख्या |

| | |
|---|---|
| | विश्लेषण<br>४.२.३ विशिष्ट पङ्क्तिहरूको व्याख्या(पूर्वसन्दर्भ, अन्तर्वस्तु, भाषा आदि) |
| क) डायस्पोरा उपन्यासको परिचय दिन,<br>ख) राजवको परिचय र प्रवृत्तिगत विशेषताहरू पहिल्याउन,<br>ग) विभिन्न कोणबाट 'मोटेल अमेरिका' उपन्यासको विश्लेषण गर्न,<br>घ) उक्त उपन्यासका विशिष्ट पङ्क्तिहरूको व्याख्या गर्न । | **एकाइ पाँच : डायस्पोरिक उपन्यासकार राजव र उनको *'मोटेल अमेरिका'* उपन्यास (पाठ्यघन्टी ६)**<br><br>५.१ डायस्पोरा उपन्यासको परिचय<br>५.२ उपन्यासकार राजवको परिचय र प्रवृत्तिगत विशेषताहरू<br>५.३ 'मोटेल अमेरिका' उपन्यासको संरचना, कथानक, चरित्र, पर्यावरण, सारवस्तु, भाषाशैली र शीर्षक सार्थकता कोणबाट व्याख्या विश्लेषण<br>५.४ विशिष्ट पङ्क्तिहरूको व्याख्या (पूर्वसन्दर्भ, अन्तर्वस्तु, भाषा आदि |

## ४. शिक्षण प्रक्रिया

प्रस्तुत पाठ्यांशको शिक्षणमा आवश्यकताअनुसार आदर्श वाचन, व्याख्यान, छलफल, प्रश्नोत्तर,कक्षाकार्य, परियोजना कार्य,कक्षा प्रस्तुति,समस्या समाधान, खोज आदि विभिन्न प्रक्रिया अवलम्बन गरिनेछ । शिक्षणका क्रममा पर्याप्त दृष्टान्त र विद्यार्थी सहभागितामा जोड दिइनेछ ।

## ५. आन्तरिक मूल्याङ्कन ४०%

यस पाठ्यांशको आन्तरिक मूल्याङ्कन शिक्षकद्वारा निम्न गतिविधिहरूको आधारमा सञ्चालन गरिनेछ :

**क) कक्षा गतिविधिहरूमा उपस्थिति र सहभागिता** : ५+५=१०अङ्क

ख) **मूल्याङ्कन (असाइनमेन्ट)१ : प्रतिबिम्बात्मक टिप्पणीहरू र कक्षा प्रस्तुतीकरण** ५+५=१०अङ्क :

*(प्रत्येक एकाइको अन्तमा शिक्षकले दिएका २ देखि ४ प्रश्नमा प्रतिबिम्बात्मक टिप्पणीहरू र तीमध्ये कुनै दुईको प्रस्तुतीकरण)*

**ग) मूल्याङ्कन (असाइनमेन्ट)२ : अध्ययनपत्र, निबन्ध, परियोजना र अन्तर्वार्ता** : ५+५ = १० अङ्क

*(विद्यार्थीहरूले छानेका तथा शिक्षक एव. अन्तर्वार्ताद्वारा अनुमोदित गरिएका विषयहरूमा तार्किक निबन्ध, अध्ययनपत्र वा परियोजना )*

**घ) मध्यसत्र परीक्षा** : १० अङ्क

## ६. बाह्य मूल्याङ्कन ६०%

यस पाठ्यांशको सत्रको अन्त्यमा परीक्षा नियन्त्रण कार्यालयले निम्नानुसार बाह्य मूल्याङ्कनमा आधारित लिखित परीक्षा सञ्चालन गर्नेछ :

| **प्रश्नका प्रकारहरू** | **सोधिने जम्मा प्रश्नहरू** | **जवाफ दिनु पर्ने प्रश्नहरूको संख्या र छुट्याइएको अंक** | **कुल पूर्णाङ्क** |
|---|---|---|---|
| **समूह 'क' बहुवैकल्पिक प्रश्नहरू** | १० ओटा प्रश्नहरु | **१०×१** | **१०** |
| **समूह 'ख' सङ्क्षिप्त उत्तरात्मक प्रश्नहरू** | दुइटा अथवा सहित ६ ओटा प्रश्नहरु | **६×५** | **३०** |
| **समूह 'ग' लामो उत्तरात्मक प्रश्नहरू** | एउटा अथवा सहित २ ओटा प्रश्नहरु | **२×१०** | **२०** |

## ७. पाठ्यपुस्तकहरू


१. कोइराला, विश्वेश्वर (२०२७), *नरेन्द्र दाइ,* साझा प्रकाशन ।

२. पाण्डे, नयनराज (२०५५), *उलार,* तन्नेरी प्रकाशन ।

३. राजव (२०६७), *मोटेल अमेरिका,* साझा प्रकाशन ।

४. वाङ्देल, लैनसिंह(२०५४), *मुलुक बाहिर दसौ सं,* रत्न पुस्तक भण्डार ।

५. पारिजात (२०३९), अनिदो पहाडसँगै,सङ्कल्प प्रकाशन ।


## ८. सहायक पाठ्यपुस्तकहरू


१.अधिकारी, चूडामणि (?), *विश्वेश्वर प्रसाद कोइरालाका उपन्यासहरू,*मणि पुस्तकालय ।

२. ओझा, रामनाथ (?), *उपन्यास सिद्धान्त र नेपाली उपन्यास,* पिनाकल प्रकाशन ।

३ खतिवडा, लयप्रसाद (२०७६), *उपन्यास सिद्धान्त, विकासक्रम र आधुनिक नेपाली उपन्यास र उपन्यासकार,* इन्टेलेक्च्युयल बुक प्यालेस ।

४. प्रधान, कृष्णचन्द्रसिंह (२०३६), *नेपाली उपन्यास र उपन्यासकार* ,साझाप्रकाशन ।

५. बराल, ऋषिराज (२०६५), *उपन्यासको सौन्दर्यशास्त्र,* साझा प्रकाशन ।

६. बराल, कृष्णहरि र एटम, नेत्र (?), *उपन्यास सिद्धान्त र नेपाली उपन्यास,* साझा प्रकाशन ।

७. लामिछाने, यादवप्रकाश (२०६३), *आधुनिक नेपाली उपन्यासमा विसङ्गति बोध,* विद्यार्थी पुस्तक भण्डार ।

७. राई, इन्द्रबहादुर (२०३१), *नेपाली उपन्यासका आधारहरू,* साझा प्रकाशन ।

८. सुवेदी, राजेन्द्र (२०५३), *नेपाली उपन्यास परम्परा र प्रवृत्ति,* भूमिका प्रकाशन ।